मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## तीन वर्षीया बालिका मृत फेला

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सप्तरीको शम्भुनाथ नगरपालिका–३ मा तीन वर्षीया बालिका मृत फेला परेको घटनामा प्रहरीले एक जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ।
स्थानीय इरफानकी तीन वर्षीया छोरी सानिया खातुन आइतबार बिहान करिब ९ बजेपछि घरबाट बेपत्ता भएकी थिइन् । बालिका हराएपछि परिवारका सदस्य, स्थानीयवासी तथा प्रहरीले खोजी सुरु गरेका थिए।
खोजीका क्रममा घरदेखि करिब ६० मिटर पछाडि रहेको झाडीमा बालिकाको शव फेला परेको प्रहरीले जनाएको छ।
घटनापछि अनुसन्धानका क्रममा एक जनाको गतिविधि शंकास्पद देखिएपछि उनलाई नियन्त्रणमा लिइएको सप्तरीका डीआईजी ओम अधिकारीले जानकारी दिएका छन् । प्रहरीले नियन्त्रणमा लिइएका व्यक्तिमाथि आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ । बालिकाको मृत्युको कारण तथा घटनाको वास्तविकता अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ।

● वर्ष ४ ● अंक २५८ ● २०८३ साल भाद्र ०८ गते सोमबार ● Monday 24, August 2026 ● सूर्योदय: बिहान ०५:५८ बजे ● सूर्यास्त: साँझ ०६:३३ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# सरकारसँग तीनबुँदे सहमति, गरिमाको दाहसंस्कार



**मधेशदृष्टि**
**वीरगंज।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका–१ मा हत्या भएकी तीन वर्षीया बालिका गरिमा चौधरीको आइतबार अन्त्येष्टि गरिएको छ। बलात्कारपछि हत्या भएको गरिमाको कलैया उपमहानगरपालिका–१४, बघवनस्थित पसाहा खोलामा धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार अन्त्येष्टि गरिएको हो।

सरकार र पीडित परिवारबीच शनिबार राति तीनबुँदे सहमति भएपछि गरिमाका बुबा मनोज चौधरीले आइतबार प्रादेशिक अस्पताल कलैयाबाट शव बुझेका थिए। त्यसपछि शवलाई पसाहा खोलामा लगेर अन्तिम संस्कार गरिएको हो । अन्त्येष्टिमा परिवार तथा आफन्तसँगै बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, जिल्ला प्रहरी प्रमुख नरेन्द्र कुँवर, सशस्त्र प्रहरीका अधिकारी, नेपाली सेनाका प्रतिनिधि, राष्ट्रिय अनुसन्धानका अधिकारी तथा सञ्चारकर्मीको उपस्थिति थियो । घटनाको निष्पक्ष अनुसन्धान, दोषीमाथि कडा कारबाही र कानुनी सुधारको माग गर्दै परिवारले केही दिनदेखि शव बुझ्न मानेको थिएन । गृह मन्त्रालयमा गृहमन्त्रीसहित मन्त्री तथा सांसदहरूको उपस्थितिमा भएको वार्तापछि कानुन पुनरावलोकनका लागि 'गरिमा न्याय संकल्प समिति' गठन गर्नेलगायत विषयमा सहमति भएपछि परिवारले शव बुझेको हो।

यसैबीच, ३ वर्षीया बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधको घटनामा न्यायको माग गर्दै स्वतन्त्र नागरिक समूहले आइतबार काठमाडौँको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको छ । प्रदर्शनकारीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही गर्न, पीडित परिवारलाई न्याय दिलाउन तथा घटनाको सत्यतथ्य सार्वजनिक गर्न माग गरेका छन् । उनीहरूले विभिन्न मागसहितका प्लेकार्ड बोकेर नाराबाजीसमेत गरेका थिए।

यसअघि जीतपुर सिमरा उपमहानगरपालिका–१ की तीन वर्षीया बालिका गरिमा चौधरीमाथि भएको जघन्य अपराधको घटनाका सम्बन्धमा नेपाल सरकार र पीडित परिवारबीच तीनबुँदे सहमति भएको थियो।

गृह मन्त्रालयमा शनिबार साँझ भएको छलफलमा गृहमन्त्री सुधन गुरुङसहित सम्बन्धित मन्त्रालयका मन्त्रीहरू, पीडित बालिका गरिमा चौधरीका अभिभावक तथा सरकारका प्रतिनिधिबीच सहमति भएको हो। सहमतिअनुसार जघन्य आपराधिक घटनामा नागरिकको अपेक्षाअनुसार विद्यमान कानुनमा रहेको कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन तर्जुमाका लागि सुझावसहितको प्रतिवेदन सात दिनभित्र पेस गर्ने निर्णय भएको छ। यसका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सात सदस्यीय 'गरिमा न्याय सङ्कल्प समिति' गठन गरिने भएको छ।

त्यस्तै, पीडित परिवारको अपेक्षाअनुसार बालिका गरिमा चौधरीको सालिक निर्माण गर्न पूर्वाधार विकास मन्त्रालयले स्थानीय तहसँगसमेत समन्वय गरी पहल गर्ने सहमति भएको छ। पीडित बालिकाको अभिभावकले आफ्नो रीतिरिवाज तथा संस्कारअनुसार अन्त्येष्टि कार्य गर्ने विषयमा पनि सहमति भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

सहमति पत्रमा नेपाल सरकारका तर्फबाट गृहमन्त्री सुधन गुरुङ, पूर्वाधार विकासमन्त्री सुनील लम्साल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी तथा कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले हस्ताक्षर गरेका छन्।

पीडित परिवारका तर्फबाट गरिमा चौधरीका बुवा मनोजकुमार चौधरी र आमा मानमती चौधरीले सहमति पत्रमा हस्ताक्षर गरेका छन्। सरकार र पीडित परिवारबीच भएको सहमतिले घटनाको न्यायिक प्रक्रिया अघि बढाउनुका साथै पीडित परिवारको माग सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ।

# आगामी ३५ वर्षको कार्ययोजना ल्याउनुस्: लामिछाने




**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले बहुदलपछिको ३५ वर्षको बेथितिको कुरा गरेर मात्रै अबको राजनीतिक यात्रा पूरा नहुने भन्दै अबको ३५ वर्षको योजना ल्याउन केन्द्रीय सदस्यहरूलाई निर्देशन दिएका छन्।

रास्वपाका केन्द्रीय सदस्यलाई लक्षित गरी शनिबार र आजका लागि राखिएको 'नीति, सङ्गठन र नेतृत्व' कार्यक्रमअन्तर्गत पहिलो श्रृंखलाको समापन गर्दै सभापति लामिछानेले देशले सुम्पेको जिम्मेवारी पूरा गर्न खरो उत्रिनुपर्नेमा जोड दिए। उनले भने, '३५ वर्षको हिसाबको कुरा गर्ने होइन, अबको ३५ वर्षको योजना ल्याउनुहोस् । विगतका नेतृत्वले जति सक्नुभयो गरे, धन्यवाद । अबको ३५ वर्षमा गर्नुपर्ने कामको योजना अब हाम्रो काँधमा छ।'

आमनागरिकले पूरा विश्वास गरेर रास्वपालाई ठूलो दलका रूपमा स्थापित गरेका उल्लेख गर्दै सभापति लामिछानेले विश्वभरका प्रबुद्ध समुदायले पार्टी र हाम्रा कामलाई हेरिरहेकाले जनअपेक्षा पूरा गर्नेतर्फ सबै प्रतिबद्ध हुनुपर्नेमा जोड दिए।

'राजनीतिमा इमान्दारिता, योग्यता र क्षमता आवश्यक छ । व्यक्तिगत लाभमा देशको राजनीतिक प्रयोग नहोस्, कुनै पनि देशले यति धेरै युवा पार्टी, संसद् र मन्त्री पाएको छैन। आज तपाईं हामीले बाटो बिरायौँ भने संसारभरि के सन्देश जान्छ भने, युवाको नेतृत्वको काम छैन। युवा भनेर हुँदो रहनेछ, 'देख्नुभयो नेपाल' भनेर अन्य देशले भन्नेछन्। नेपाल र नेपालीको शिर झुक्नेछ,' उनले भने।

केही राम्रो गर्न सकिँदैन भने नराम्रो नगर्न सकिने भन्दै सभापति लामिछानले यतिको प्रतिबद्धता हामीमा आवश्यक रहेको बताए।

'मेरा कारणले तपाईंहरूको शिर झुक्दैन, अञ्जानमा गल्ती कमजोरी भए होलान्, त्यसलाई सच्याउने र क्षमायाचना गर्ने हो। आगामी दिनमा झुकेको शिर उठाउने प्रयास गर्नेछु, लडेछु भने उठेर फेरि दौडनेछु,' उनले भने।

सभापति लामिछानेले समाजका विभिन्न क्षेत्रका व्यक्ति पार्टीमा आबद्ध भएका कारण सिङ्गो देशको ध्यान सरकार, संसद् र राजनीतिमा गइरहेकाले रास्वपा बढी जिम्मेवार बन्नुपर्नेमा जोड दिए। इतिहासले दिएका महत्त्वपूर्ण मौकालाई सदुपयोग गर्दै हाम्रा क्रियाकलाप अघि बढ्नुपर्ने भन्दै उनले हाम्रो काम कारबाहीले लोकतन्त्र कमजोर हुन नहुने बताए। 'जानेर वा नजाने हामीबाट भएका क्रियाकलापले लोकतन्त्र कमजोर नबनोस्, यो हाम्रो पहिलो जिम्मेवारी हो,' उनले भने, 'आज विभिन्न संस्था लोकतन्त्र खतरामा पर्ने चिन्तामा छन्। लोकतन्त्र एकै पटकमा गल्यामगुर्लम ढल्ने घर होइन । विगतमा राजनीतिक दल र सहिदको बलिदानबाट लोकतन्त्रसहित यी संस्था बलिया भएका हुन् । त्यसकारण हामीले लोकतन्त्र रक्षाका लागि पनि अत्यन्त जिम्मेवार भएर काम गर्नुपर्नेछ।'

आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर रास्वपाका नेता तथा कार्यकर्ता गाउँगाउँमा जानुपर्नेमा जोड दिँदै सभापति लामिछानेले सरकारले गरेका कामका बारेमा जनतालाई सूचना प्रवाह गर्नुपर्ने धारणा राखे। 'स्थानीय सरकारमा बलियो उपस्थिति बनाउन हामीले अहिलेदेखि पहल गर्नुपर्छ। अहिले सरकार मात्र बलियो छैन, प्रतिपक्ष पनि बलियो छन्। तसर्थ जनता केन्द्रित भएर काम गर्नुपर्छ,' उनले भने, 'यसपटक पनि मुलुकले बर्सौंदेखि देखेका सपना पूरा गर्न सकेनौँ भने मुलुक निराशामा प्रवेश गर्छ।'

सुशासनको मुद्दा उठाएको रास्वपाको सरकारले आजसम्म कुनै एक ठाउँमा अनियमिता गरेको भनी प्रश्न नउठेको उल्लेख गर्दै सभापतिले भने, 'यो सबैभन्दा ठूलो उपलब्धि हो। सरकारले सुधारको जग हाल्ने काम गरिरहेकाले यसलाई निरन्तरता दिन हामी एकजुट हुनुपर्छ ।' आफू चाँडै मधेश प्रदेशको राजनीतिक भ्रमणमा निस्कन लागेको जानकारी दिँदै उनले अन्य नेता पनि गाउँगाउँ जाने र पार्टीलाई चलायमान बनाउने बताए।

'सरकारका काम कारबाहीका सम्बन्धमा आमनागरिकले सोधेका जिज्ञाशाको स्पष्ट जवाफ हामीसँग हुनुपर्छ । त्यसका लागि तयार हुनुहोला,' सभापति लामिछानेले निर्देशन दिँदै भने, 'आमनागरिकले के भनेर मत दिएको थिए, त्यो पूरा गर्नेतर्फ हामी लाग्नुपर्नेछ ।' सरकारलाई पार्टीप्रति जवाफदेही बनाउन विभिन्न प्रयास गरिएको जानकारी दिँदै उनले आमनागरिकले सरकारका गतिविधिका बारेमा प्रश्न गर्न सक्ने बताए।

पार्टीले सरकारलाई जिम्मेवार बनाउँदै आएको उल्लेख गर्दै सभापति लामिछानेले पार्टी कार्यालयमार्फत मन्त्री जनतासँग जोडिने अभ्यास नयाँ थालनी भएको बताए। उनले रास्वपा विधिभन्दा बाहिर नजाने उल्लेख गर्दै भने, 'पार्टीले अनुमोदन गरेको राजनीतिक दस्तावेज, विधि, निर्देशका र नियमावलीको अक्षरशः पालना हुन्छ। हामी विधिभन्दा बाहिर जान सक्दैनौँ, हिजो समायोजनका क्रममा धेरै विषय टुङ्ग्याएका छौँ, त्यसलाई सोहीअनुसार लिनुहोला।'

# पदाधिकारी नियुक्ति नहुँदा बजेटविहीन अवस्था




**मधेशदृष्टि**
**जनकपुरधाम।**
उपकुलपति नियुक्त भएको डेढ महिना बितिसक्दा पनि रजिस्ट्रारलगायत पदाधिकारी नियुक्त हुन नसक्दा राजर्षि जनक विश्वविद्यालय बजेटविहीन बनेको छ । पदाधिकारी अभावका कारण विश्वविद्यालयको सिनेट बैठक बस्न नसक्दा चालु आर्थिक वर्ष २०८३÷८४ को बजेट पारित हुन सकेको छैन।

यसबाट राजर्षि जनक विश्वविद्यालयसहित नौ विश्वविद्यालयको आर्थिक तथा प्रशासनिक काम प्रभावित भएको छ । राजर्षि जनक विश्वविद्यालयमा रजिस्ट्रारलगायत पदाधिकारी नियुक्त नभएकाले सिनेट बैठक बस्न सकेको छैन।

विश्वविद्यालयको नीति तथा कार्यक्रम र बजेट सिनेटबाट पारित गर्नुपर्ने व्यवस्था भएकाले नयाँ आर्थिक वर्ष सुरु भइसक्दा पनि विश्वविद्यालयले बजेट ल्याउन नसकेको हो।

बजेट पारित नहुँदा नियमित शैक्षिक, प्रशासनिक तथा विकाससम्बन्धी कार्यक्रम प्रभावित बनेको छ । संघीय सरकारले गत वैशाखमा अध्यादेशमार्फत विश्वविद्यालयका उपकुलपतिदेखि रेक्टर, रजिस्ट्रार र सभा सदस्यसम्मका पदाधिकारी हटाएको थियो । त्यसपछि उपकुलपति नियुक्त भए पनि अन्य पदाधिकारी नियुक्त हुन नसकेका हुन्।

# विद्युत् समस्या समाधान माग्दै हुलाकी राजमार्ग अवरुद्ध

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–१६ कपिलेश्वरका स्थानीयवासीले विद्युत् आपूर्तिमा देखिएको समस्या तत्काल समाधान गर्न माग गर्दै आइतबार बिहानैदेखि हुलाकी राजमार्ग अवरुद्ध गरेका छन् । नेपाल विद्युत् प्राधिकरण जनकपुरधाम वितरण केन्द्रले कपिलेश्वरमा लामो समयदेखि सिटी फिडरमार्फत हुँदै आएको विद्युत् आपूर्तिलाई केही दिनयता ग्रामीण फिडरमा जोडेपछि समस्या थपिएको स्थानीयको आरोप छ । फिडर परिवर्तन गरिएपछि भोल्टेज कम हुने, पटक–पटक विद्युत् अवरुद्ध हुने तथा पछिल्लो समय लामो समयसम्म विद्युत् नआउने समस्या देखिएको उनीहरूको भनाइ छ । स्थानीयका अनुसार शनिबारदेखि विद्युत् आपूर्ति ठप्प



हुँदा करिब ४० डिग्री तापक्रममा घरभित्र बस्न र राति सुत्नसमेत समस्या भएको छ । विद्युत् नहुँदा घरायसी प्रयोजनका लागि पानी तान्न नसक्दा शौचालयमा पानीको समस्या हुनुका साथै इन्भर्टर र मोबाइल फोनसमेत चार्ज गर्न नपाएको उनीहरूले बताएका छन्।

विद्युत् समस्या तत्काल समाधान गर्न माग गर्दै स्थानीयवासीले सडकमा प्रदर्शनसहित हुलाकी राजमार्ग अवरुद्ध गरेका हुन् । सडक अवरुद्ध भएपछि राजमार्गमा आवतजावतसमेत प्रभावित भएको छ। आन्दोलनमा सहभागी स्थानीयले कपिलेश्वर क्षेत्रमा पुनः सिटी फिडरमार्फत विद्युत् आपूर्ति सुचारु नगरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्। अत्यधिक गर्मीका बेला विद्युत् आपूर्ति ठप्प हुँदा सर्वसाधारणको जनजीवन प्रभावित भएकाले प्राधिकरणले तत्काल समस्या समाधान गर्नुपर्ने उनीहरूको माग छ।

# सरकार संसद्प्रति उत्तरदायी हुनुपर्छ: निधि

**मधेशदेष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेसका नेता एवं पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले सरकार संसद्प्रति उत्तरदायी हुनुपर्ने बताएका छन्।

जनकपुरधाममा नेपाली कांग्रेसको १५औं महाधिवेशनका लागि आयोजित अन्तरक्रिया कार्यक्रममा नेता निधिले पछिल्लो समय सरकारले संसद्लाई महत्व नदिएको चर्चा भइरहेकाले संसद्मा जवाफ दिनुपर्ने बताएका हुन्।

लोकतान्त्रिक सरकार जनताप्रति उत्तरदायी हुने र सरकारलाई जनताप्रति जवाफदेही बनाउने प्रमुख माध्यम संसद् रहेको बताउँदै निधिले सरकारलाई जनताप्रति जवाफदेही भएर काम गर्न आग्रह गरे । उनले बदलाको भावनाबाट सरकार सञ्चालन नगर्नसमेत आग्रह गरे।



कार्यक्रममा निधिले सर्वोच्च अदालतले गर्न लागेको पुनरावलोकनसम्बन्धी फैसला शेरबहादुर देउवाकै पक्षमा आउने विश्वास व्यक्त गरे। फैसला आफ्नो पक्षमा आए पार्टीलाई पुनः एकीकृत गर्ने प्रयासमा लाग्ने उनले बताए । पार्टी एकताका लागि सम्भव सबै उपाय अपनाएर १५औँ महाधिवेशन सहमतिमै गर्ने पक्षमा आफूहरू रहेको निधिले स्पष्ट पारे। सहमतिमा महाधिवेशन गर्न सम्भव नभए छुट्टाछुट्टै महाधिवेशनका लागि पनि तयार रहनुपर्ने उनको भनाइ थियो।

यसैगरी, हिन्दु राष्ट्रको मागलाई आधार बनाएर निरंकुश राजतन्त्र पुनःस्थापना गर्ने प्रयास भइरहेको निधिले आरोप लगाए । कांग्रेसभित्रै पनि बीपी कोइरालाको भनाइलाई अपव्याख्या गरेर राजतन्त्र पुनःस्थापना गर्ने प्रयास स्वीकार्य नहुने उनले बताए।

## सम्पादकीय

## बालिका हराउँछन्, शव भेटिन्छन्:

# आखिर कहाँ चुक्दैछ मधेश ?

एक साताभित्र मधेश प्रदेशमा भएका केही घटनाले एउटा अत्यन्त गम्भीर प्रश्न हाम्रो सामुन्ने उभ्याएको छ ‘हाम्रा बालबालिका साँच्चिकै सुरक्षित छन् त ?’ यो प्रश्न भावनात्मक मात्र होइन, राज्यको सुरक्षा संयन्त्र, प्रहरीको कार्यशैली, अभिभावकीय सतर्कता र समाजको सामूहिक जिम्मेवारीसँग जोडिएको प्रश्न हो। पछिल्लो एक साताको घटनाक्रम हेर्दा बालिका हराउने, लामो समयसम्म खोजी प्रभावकारी नहुने र कतिपय अवस्थामा उनीहरू मृत भेटिने घटनाले मधेशको बालसुरक्षाको अवस्था चिन्ताजनक बनेको देखाउँछ । सबैभन्दा भयावह घटना बाराको जीतपुरसिमरा–१ की तीन वर्षीया गरिमा चौधरीको हो। साउन ३१ गते बिहान घरबाट हराएकी गरिमा तीन दिनपछि घरनजिकैको सुनसान घरमा मृत भेटिइन् । प्रहरी अनुसन्धानबाट उनी बलात्कारपछि हत्या भएको निष्कर्षमा पुगेको छ र चारजना पक्राउ परेका छन्।

यो घटना यत्तिमै सीमित भएन । गरिमाको हत्यापछि आक्रोशित स्थानीयले सडकदेखि प्रहरी कार्यालयसम्म घेराउ गरे । प्रहरीलाई बालिका हराएको सूचना समयमै दिइएको भएपनि खोजीमा अपेक्षित तत्परता नदेखाएको आरोप उठ्यो। यही आरोपका कारण सिमराका डीएसपी दिलीप क्षेत्रीलाई जिम्मेवारीबाट हटाएर प्रहरी प्रधान कार्यालय तानियो। अर्थात्, यहाँ अपराधीको मात्र प्रश्न छैन, ‘घटना हुनुअघि राज्य कहाँ थियो र बालिका हराएपछि राज्य कति छिटो सक्रिय भयो भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ।’ गरिमाको घटनाले मधेशलाई स्तब्ध बनाइरहेकै बेला सप्तरीको शम्भुनाथ नगरपालिका–३ मा दुई÷तीन वर्षीया बालिका सानिया खातुन घरपछाडिको झाडीमा मृत भेटिइन्। उनी घरनजिक खेलिरहेका बेला हराएकी थिइन् । घटनाको कारण खुलेको छैन र प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको जनाएको छ । एक शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिइएको विवरणसमेत सार्वजनिक भएको छ। त्यसैगरी, भदौ ६ गते बाराको कलैया–१ कट्टीपर्सा टोलबाट दुई वर्षीया विन्दी मण्डल घरअगाडिबाट हराइन्। परिवार, स्थानीय र प्रहरीको रातभरको खोजीपछि उनी भदौ ७ गते बिहान करिब १२ घण्टापछि सकुशल भेटिइन्। बालिका घरबाट टाढा कसरी पुगिन् भन्ने विषय भने खुल्न बाँकी छ । यसरी पछिल्लो एक सातामा सार्वजनिक भएका कम्तीमा तीन महत्वपूर्ण घटनामा दुई बालिका मृत अवस्थामा भेटिएका छन् भने एक बालिका बेपत्ता भएपछि सकुशल उद्धार भएकी छन्। यी घटना एउटै प्रकृतिका होइनन् र सबैलाई एउटै कारणसँग जोड्न पनि मिल्दैन । तर यिनले बालबालिकाको सुरक्षाका विषयमा राज्य र समाज दुवैलाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य बनाएका छन्।

**प्रहरीको कमजोरी कि अभिभावकको लापरवाही ?**

यसको उत्तर ‘या त प्रहरी, या त अभिभावक’ भनेर दिनु गलत हुन्छ। बालिकाको सुरक्षा कुनै एक पक्षको जिम्मेवारी होइन । अपराधी अपराधको मुख्य दोषी हो । त्यसपछि राज्यको सुरक्षा संयन्त्रले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। अभिभावकले पनि आफ्नो स्तरको सावधानी अपनाउनुपर्छ । समुदाय, विद्यालय, स्थानीय तह र सामाजिक संस्थाहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ। तर प्रहरीलाई उन्मुक्ति दिने ठाउँ भने छैन। बालबालिका हराएको सूचना प्रहरीमा पुगेपछि त्यसलाई ‘सामान्य हराइरहेको घटना’ का रूपमा हेर्नु गम्भीर भूल हो। बालिका हराउनु आफैंमा आपत्कालीन सुरक्षा घटना हो । पहिलो केही घण्टा अनुसन्धान र खोजीका लागि अत्यन्त महत्वपूर्ण हुन सक्छन् । सम्भावित अपहरणकर्ता, यौन अपराधी वा हत्यारा बालिकालाई टाढा लैजानुअघि नै खोजी सुरु गर्न सकियो भने परिणाम बदलिन सक्छ।

गरिमा प्रकरणमा प्रहरीले २४ घण्टासम्म प्रभावकारी खोजी नगरेको आरोप प्रतिनिधिसभामै उठेको थियो। त्यसैले अब प्रत्येक बालिका बेपत्ता घटनामा प्रहरीको ‘एक्सन लग’ अनिवार्य गरिनुपर्छ। सूचना कति बजे आयो, कुन प्रहरी परिचालन भयो, कुन क्षेत्रमा खोजियो, सीसीटीभी कहिले हेरियो, सम्भावित शंकास्पद व्यक्तिमाथि के अनुसन्धान भयो र प्रत्येक घण्टामा के प्रगति भयो ? प्रहरीले घटना भएपछि पत्रकार सम्मेलन गरेर ‘अनुसन्धान भइरहेको छ’ भन्नु मात्र पर्याप्त छैन। घटना हुन नदिन र घटना भएपछि तत्काल प्रतिक्रिया दिन सक्ने प्रहरी प्रणाली चाहिन्छ। तर अभिभावकले पनि आफ्नो जिम्मेवारीबाट भाग्न मिल्दैन । विशेषगरी दुई–चार वर्षका बालबालिकालाई घरअगाडि खेलिरहेका छन् भन्दै पूर्ण रूपमा बेवास्ता गर्नु जोखिमपूर्ण हुन सक्छ। अपरिचित व्यक्तिले चकलेट, खेलौना वा अन्य प्रलोभन देखाएर बालबालिकालाई लैजान सक्ने सम्भावना हुन्छ । त्यसैले बालबालिकालाई ‘अपरिचितसँग नजाने’, ‘केही लिन नहुने’, ‘घरपरिवारका सदस्यबाहेक कसैसँग टाढा नजाने’ जस्ता आधारभूत सुरक्षा व्यवहार सानैदेखि सिकाउनुपर्छ।

घर वरपरका खाली घर, झाडी, निर्माणाधीन भवन, सुनसान बाटो र असुरक्षित स्थान पनि पहिचान गरेर जोखिम घटाउनुपर्छ। स्थानीय तहले त्यस्ता स्थानको सूची बनाएर आवश्यक सुरक्षा, प्रकाश र निगरानीको व्यवस्था गर्नुपर्छ । अझ महत्वपूर्ण कुरा बालिका हराएपछि ‘केही समयपछि आफैं फर्किन्छिन्’ भनेर समय खेर फाल्नु हुँदैन। तुरुन्त प्रहरीलाई खबर गर्नुपर्छ। परिवार, छिमेकी र प्रहरीबीच समन्वय गरेर तत्काल खोजी सुरु गर्नुपर्छ । सामाजिक सञ्जालमा सूचना फैलाउँदा पनि बालिकाको संवेदनशील व्यक्तिगत विवरण जथाभावी सार्वजनिक गर्नु हुँदैन । अब मधेश प्रदेश सरकारले पनि बालसुरक्षाका लागि छुट्टै कार्ययोजना ल्याउने बेला भएको छ । प्रत्येक जिल्लामा बालिका बेपत्ता ‘¥यापिड रेस्पोन्स टिम’, प्रहरीमा बालबालिका खोज तथा अनुसन्धानका लागि विशेष सम्पर्क अधिकृत, जोखिमयुक्त क्षेत्रको डिजिटल नक्साङ्कन, सीसीटीभीको विस्तार र विद्यालय–समुदायमा नियमित बालसुरक्षा शिक्षा अनिवार्य गरिनुपर्छ।

स्थानीय तहले ‘बालमैत्री नगरपालिका’ भन्ने बोर्ड झुन्ड्याएर मात्र जिम्मेवारी पूरा हुँदैन। बालिका हराउँदा नगर प्रहरी, वडा कार्यालय, विद्यालय, महिला तथा बालबालिका शाखा र नेपाल प्रहरीबीच तत्काल समन्वय हुने प्रणाली विकास गर्नुपर्छ । नेपाल प्रहरीसँग हराएका बालबालिकासम्बन्धी अभिलेख तथा खोजी संयन्त्रसमेत रहेको अवस्थामा त्यसलाई स्थानीय प्रहरी तहसम्म अझ प्रभावकारी र द्रुत बनाउन आवश्यक छ । अर्को कुरा, गरिमा प्रकरणपछि सरकारले गम्भीर अपराधसम्बन्धी कानुनी व्यवस्था पुनरावलोकन गर्ने सहमति गरेको छ। तर कानून कडा बनाउनु मात्रै पर्याप्त हुँदैन। कानूनको डर तब पैदा हुन्छ, जब अपराधीलाई पक्राउ, अनुसन्धान, अभियोजन र सजायको प्रक्रिया निष्पक्ष तथा छिटो हुन्छ। मधेशले अब एउटा कठोर निर्णय गर्नुपर्छ ‘बालिका हराउनु सामान्य घटना होइन।’

एउटी बालिका घरबाट हराउँदा परिवारको मात्र होइन, राज्यको एउटा नागरिक हराएको हो। उनको खोजीमा ढिलाइ हुनु राज्यको संवेदनशीलतामा ढिलाइ हो । बालिका मृत भेटिएपछि मात्र सडकमा प्रहरी, प्रशासन र राजनीतिक नेतृत्व सक्रिय हुनु स्वीकार्य हुन सक्दैन। आज गरिमा छिन्। हिजो अर्की बालिका थिइन्। भोलि अर्को बालिका नहोस् भन्ने सुनिश्चित गर्नु नै हाम्रो वास्तविक सफलता हुनेछ।

त्यसैले अब दोषारोपणको खेल बन्द गरौं। अपराधीलाई कानुनी कठघरामा उभ्याऔं । प्रहरीको कमजोरी भए कारबाही गरौं । अभिभावकलाई सचेत बनाऔं । स्थानीय तहलाई जवाफदेही बनाऔं। विद्यालयलाई बालसुरक्षाको केन्द्र बनाऔं। र सबैभन्दा महत्वपूर्ण बालिका हराएपछि होइन, हराउनै नदिने समाज निर्माण गरौं। किनकि एउटा बालिकाको सुरक्षा कुनै परिवारको निजी विषय होइन, त्यो सभ्य समाज र जिम्मेवार राज्यको परीक्षा हो। चेतनाभय....

# कुष्ठ प्रभावितलाई स्वाबलम्वी, आत्मनिर्भर र सक्षम बनाइनुपर्छ’

प्रगति ढकाल

काठमाडौँ।
कुष्ठ प्रभावित व्यक्तिलाई राज्यले सामाजिक सुरक्षाका माध्यमबाट आयआर्जन गर्न सक्ने स्वाबलम्वी, आत्मनिर्भर र सक्षम नागरिकको रूपमा समाजमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ । नेपाल कानून समाज, एशोसिएसन फर आइडिया नेपाल, कुष्ठरोग निवारण सङ्घ, राष्ट्रिय कुष्ठ प्रभावित कल्याण सङ्घ र पुनस्र्थापना, सशक्तीकरण तथा विकास नेपालद्वारा आइतबार आयोजित कार्यक्रमका सहभागीले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिबाट आयआर्जन गर्न सक्ने कार्यक्रम र वातावरण राज्यले सुनिश्चित गरिदिनुपर्ने बताएका छन्। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कुष्ठ प्रभावित भएकै कारण शिक्षा, स्वास्थ्य, रोजगारी, घरपरिवार र समाजबाट अलग्गिनुपर्दा त्यस्ता व्यक्तिको आत्मसम्मनमा क्षति पुगेको पाटोलाई दृष्टिगत गरी सरकारले कानूनी रूपमै आवश्यक प्रबन्ध मिलाउनुपर्ने बताए । उनले भने, ‘कुष्ठसम्बन्धी समस्याप्रति नेपाली समाजको कमजोर बुझाइका कारण पीडितले परिवार, सम्पत्ति र समाजबाट अलग भई जीवन रित्याउनुपरेको अवस्था आधुनिक समाजको विकृत रूप हो, राज्यले कुष्ठ प्रभावितलाई सहानुभूति र दया होइन, सामाजिक न्यायसँगै क्षमतावान् बनाउनुपर्छ।’
काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले कुष्ठ समस्या व्यक्तिको पहिचान नभई फरकखालको स्वास्थ्य अवस्था मात्रै भएको बताइन् । उनले भनिन्, ‘यसको नियन्त्रणका लागि प्रभावित व्यक्तिले आफ्नो अनुभव र ज्ञान नयाँलाई सिकाउनुप¥र्यो, समयमै उपचारमा लाग्नुप¥र्यो, उहाँहरूलाई अधिकार र अवसरबाट वञ्चित गराउनु हुँदैन ।’ ‘कुष्ठ प्रभावित व्यक्तिको सामाजिक सुरक्षा र आर्थिक सशक्तीकरणको आवश्यकता’ विषयक कार्यपत्र प्रस्तुत गर्दै पूर्वअर्थसचिव शिशिर ढुङ्गानाले कुष्ठ प्रभावित व्यक्तिको लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्न बीऊ पूँजी तथा सहुलियतपूर्ण कर्जा कार्यक्रमको विस्तारमा जोड दिए । उनले भने, ‘कुष्ठ प्रभावितका लागि सीप र रोजगारीसँगको अन्तरआबद्धता विकास, आपसी सहयोगी समूहको सबलीकरण गरी सहकारीमूलक कार्यक्रमको सञ्चालन र विस्तार, कृषि तथा पशुपालन लक्षित जीवनयापन सुधार कार्यक्रम विस्तार आवश्यक छ।’
उनीहरूका उत्पादनको बजार सुनिश्चित गर्न थोक बजार सञ्चालन गरी स्थानीय उत्पादनलाई बाह्य बजारसँग आबद्ध गराउनुपर्नेमा जोड दिंदै पूर्वसचिव ढुङ्गानाले सामाजिक सुरक्षा र आर्थिक सशक्तीकरणका कार्यक्रमलाई नतिजामूलक बनाइनुपर्ने बताए । हाल नेपालमा करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोग प्रभावित व्यक्ति रहेकामा ३० हजार व्यक्ति अपाङ्गताको सिकार बनेको र करिब दुई हजारदेखि दुई हजार ५०० सम्म व्यक्ति बर्सेनि यो रोगको सङ्क्रमणमा पर्ने गरेको पाइएको छ। तथ्याङ्कमा मधेस तथा लुम्बिनी प्रदेशका तराईका ११ जिल्लामा अहिले पनि प्रति १० हजारमा एक जनाभन्दा बढी व्यक्ति कुष्ठ प्रभावित भएकाले ती जिल्लालाई अति कुष्ठ प्रभावित जिल्ला मानिएको छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव निरा अधिकारीले अपाङ्गता भएका व्यक्तिका सन्दर्भमा सामाजिक समावेशीकरण र स्थानीय तहको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्दै अपाङ्गता बहुआयामिक, बहुपक्षीय एक सामाजिक बहसको सवाल भएको बताए।
उनले भने, ‘यो वयैक्तिक कमजोरी, असक्षमता र दोषको विषय होइन, अपाङ्गता समावेशीकरण कुनै प्राविधिक चुनौती होइन, यो राजनीतिक र नैतिक चुनौती हो। यसका लागि धारणामा पुनर्विचार गर्न, प्रणालीलाई पुनः कार्य गर्न र लामो समयदेखि बहिष्कृत गरिएकाको आवाज सुन्न आवश्यक छ ।’ पूर्णअपाङ्गता भएका असहाय व्यक्तिलाई स्थानीय सरकार र महिला मन्त्रालयको सिफारिसमा निःशुल्क पुनस्र्थापना सेवा उपलब्ध गराइरहेको जानकारी दिंदै उपसचिव अधिकारीले सात वटै प्रदेशमा सहायक सामग्री उपलब्ध गराउन निश्चित अनुदान दिइएको बताए । सरकारले मनोसामाजिक, पूर्णअपाङ्गता र सहाराविहीन महिलाका लागि आजीवन पुनस्र्थापना गृहको व्यवस्था, दिवा सेवा केन्द्र र अन्य अपाङ्गता भएका व्यक्तिको पुनस्र्थापना गृहलाई अनुदान, अपाङ्गता नीति निर्माण, अपाङ्गताका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वय र समुदायमा आधारित समावेशी पुनस्र्थापना कार्यक्रमलाई बस्ती स्तरसम्म सञ्चालन गर्नेगरी स्रोतको सुनिश्चितता गर्ने कार्य अघि बढाइरहेको सो अवसरमा जानकारी दिइयो । सरकारले अपाङ्गतामैत्री नगर बनाउन भौतिक पूर्वाधारमा क्रमशः सुधार गर्दै पहुँचयुक्त नगरको विकास गर्न दीर्घकालीन लक्ष्य बनाइ काम गरिरहेको छ।
पूर्वसचिव धनराज ज्ञवालीले कुष्ठ प्रभावितका लागि लुम्बिनी प्रदेश र स्थानीय तहमा परामर्श गरी सोका आधारमा एकीकृत विधेयकको मसौदा तयार गर्ने कार्य अघि बढिरहेको बताए। उनले भने, ‘विधेयकको अन्तिम मसौदा आवश्यक कारबाहीका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोका कार्यालयमा पठाइनेछ ।’
प्रतिनिधिसभा सदस्य मोहनलाल आचार्यले अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक संविधानमै स्पष्टरूपमा लेखिएको बताए । उनले भने, ‘आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक र न्यायसहित उचित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षा पाउने हक संविधानमै उल्लेख छ ।’ सांसद आचार्यले संविधानको धारा ४३ मा विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका तथा आफ्नो हेरचाह आफैँ गर्न नसक्ने नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको सुनिश्चित गरिएको बताए।
नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनमा राजनीतिक सहभागिता, नीति निर्माणमा सहभागिता, संस्था खोल्ने, सांंस्कृतिक जीवनमा सहभागी हुने, सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकार स्पष्ट व्यवस्था रहेको बताए । कुष्ठप्रभावित विषेशज्ञ कालेप बुढाले कुष्ठ प्रभावबाट हात, खुट्टा र आँखाका नसामा असर गर्ने भएकाले दैनिक ती अङ्गको विशेष हेरचाह गर्न र कुनै लक्षण देखिए विशेषज्ञको परामर्श लिन सुझाव दिनुभयो। नेपाल कुष्ठरोग निवारक सङ्घका अध्यक्ष डा रामकुमार श्रेष्ठले कुष्ठप्रभावितका लागि सरकारले निःशुल्क औषधिको व्यवस्था गरेको हुँदा केही समयको औषधि सेवनबाट निको हुने भएकाले रोग लुकाउन र प्रभावितलाई हेला गर्न नहुने बताए। अर्का चिकित्सक डा प्रसन्न नापितले कुष्ठरोग आँखाले देख्न नसकिने सुक्ष्म किटाणुबाट लाग्ने कम सर्ने जुनसुकै भूगोल र तहतप्काका व्यक्तिलाई लाग्नसक्ने भएकाले यसका बिरामीलाई हेयको दृष्टिले हेर्न नहुने धारणा राखे।
कार्यक्रममा कुष्ठ रोग प्रभावित व्यक्तिको हक अधिकार र संरक्षणका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधिले समाजमा कुष्ठ रोग प्रभावित व्यक्तिको आर्थिक तथा सामाजिक अवस्था र राज्यकातर्फबाट चाल्नुपर्ने कदमका बारेमा दृष्टिकोण प्रस्तुत गरेका थिए। नेपालमा सात दशकदेखि कुष्ठप्रभाव निवारणका लागि विभिन्न प्रयास भएकामा यसलाई २०६६ सालमा गम्भीर स्वास्थ्य समस्याका रूपमा नभएको जनाउँदै यो रोग निवारण भएको घोषणा गरिएको थियो । तथापि, अहिले पनि विश्व स्वास्थ्य सङ्गठनले भने यो रोग प्रभावित विश्वका २३ मुलुकको सूचीमा नेपाललाई पनि समावेश गरेको छ। रासस

# सिँचाइ विकाससँगै कृषि उत्पादन र रोजगारी विस्तारमा मन्त्री श्रेष्ठको जोड

वासुदेव पौडेल/वसन्त भण्डारी

काठमाडौँ।
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले ठूला सिँचाइ आयोजनाले कृषि उत्पादन र रोजगारीका अवसर विस्तार गर्दै जनसंख्या पलायनको समस्या न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने बताएका छन् । सुनसरी–मोरङ सिँचाइ परियोजनाको स्थलगत अध्ययन तथा परियोजनाबाट प्रभावित स्थानीयवासी र जल उपभोक्ताका समस्या तथा गुनासा सुन्ने क्रममा मन्त्री श्रेष्ठले सिँचाइलाई केवल नहर निर्माणको विषयका रूपमा हेर्न नहुने बताएका हुन् । उनले सिँचाइमा गरिएको लगानीको प्रतिफल कृषि उत्पादनमार्फत प्राप्त हुने भएकाले सिँचाइसँगै कृषि उत्पादन, उत्पादकत्व वृद्धि र किसानका कार्यक्रमलाई समेत एकीकृत रूपमा अघि बढाउनुपर्ने धारणा राखे। ‘सिँचाइमा लगानी गरेर मात्रै पुग्दैन, त्यसबाट उत्पादन र आम्दानी बढ्ने वातावरण पनि बनाउनुपर्छ,’ उनले भने, ‘सिँचाइ र कृषिका कार्यक्रमलाई कसरी एकीकृत रूपमा अघि बढाउन सकिन्छ भन्ने विषयमा मन्त्रालयले सूक्ष्म अध्ययन गरिरहेको छ।’
मन्त्री श्रेष्ठका अनुसार सुनसरी–मोरङ सिँचाइ परियोजनाले मात्रै वार्षिक रु १४ अर्बभन्दा बढी मूल्य बराबरको कृषि उत्पादनमा योगदान पु¥याउँदै आएको छ। यसले सिँचाइ पूर्वाधारमा गरिएको लगानीको प्रतिफल कृषि क्षेत्रमा देखिएको पुष्टि गर्ने उनको भनाइ छ । सिँचाइ प्रणालीको प्रभावकारी सञ्चालनले ऊर्जा उत्पादनलगायत अन्य आर्थिक गतिविधिमा समेत अप्रत्यक्ष योगदान पु¥याउने उनले उल्लेख गरे। उनले सिँचाइ प्रणालीलाई जल उपभोक्तामैत्री, दिगो र स्थानीयवासीको अधिकार सुनिश्चित गर्ने किसिमको बनाउनुपर्नेमा जोड दिए। सिँचाइ पूर्वाधार विकास गर्दा प्रकृतिमा आधारित समाधानका उपायलाई समेत प्राथमिकता दिनुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएको उनको निजी सचिवालयले जनाएको छ।
मन्त्री श्रेष्ठले सिँचाइ तथा ऊर्जा आयोजनामा देखिएको गेग्रान (सेडिमेन्ट)को समस्या दीर्घकालीन चुनौतीका रूपमा रहेको बताए। नदीमा बगेर आउने गेग्रानको व्यवस्थापन र त्यसबाट आयोजनामा पर्ने असर न्यूनीकरणका उपायलाई आयोजनाको डिजाइन तथा सञ्चालनमै समेटेर अघि बढ्नुपर्ने उनले बताए । सुनसरी–मोरङ सिँचाइ प्रणाली नेपालको महत्वपूर्ण र ठूलो सिँचाइ प्रणालीमध्ये एक हो । करिब ६८ हजार हेक्टर कमान्ड क्षेत्र समेट्ने यो प्रणालीबाट ठूलो जनसंख्या कृषि तथा सिँचाइसँग प्रत्यक्ष रूपमा जोडिएको छ । भारत सरकारको सहयोगमा सन् १९६४ देखि १९७५ बीच निर्माण भएको यो प्रणालीले करिब छ दशकदेखि सेवा दिंदै आएको छ । तर लामो समयसम्म सञ्चालनमा रहेकाले प्रणालीका विभिन्न संरचना जीर्ण हुँदै गएका छन्। कोशी नदीको धार परिवर्तन, गेग्रान थुप्रिने समस्या र इन्टेकमा पर्याप्त पानी नपुग्ने अवस्थाले परियोजनाको नियमित सञ्चालनमा चुनौती थपिएको छ।
विशेषगरी चतरामा कोशी नदीले ठूलो परिमाणमा गेग्रान बगाएर ल्याउने र नदीको धारमा आएको परिवर्तनका कारण सुनसरी–मोरङ सिँचाइ प्रणालीको इन्टेक क्षेत्रमा पानीको उपलब्धता प्रभावित हुँदै आएको छ। चतरा पुल निर्माणपछि नदीको मूल प्रवाह दायाँतर्फ सरेका कारण बायाँ किनारामा रहेको इन्टेक क्षेत्रमा पर्याप्त प्रवाह कायम गर्न थप चुनौती देखिएको परियोजनाका अधिकारीहरूको भनाइ छ। सुक्खायाममा इन्टेकमा उपलब्ध पानीको मात्रा करिब १० देखि १५ घनमिटर प्रतिसेकेन्डमा सीमित हुने अवस्था रहेको छ । यस्तो अवस्थामा ‘ड्रेजिङ’ गरेर पोखरी तथा नहरको क्षमता पुनःस्थापित गर्न सकिए पनि त्यसले मात्रै परियोजनाको दीर्घकालीन समस्या समाधान नहुने प्राविधिक निष्कर्ष छ । परियोजनाको डिजाइन प्रवाह करिब ६० घनमिटर प्रतिसेकेन्ड रहेकाले स्थायी डाइभर्सन संरचना र आवश्यक ‘हेड’ सुनिश्चित नगरी उक्त क्षमतामा पानी प्रवाह गराउन कठिन हुने देखिन्छ।
मन्त्री श्रेष्ठले तत्कालीन र दीर्घकालीन समाधानलाई एउटै योजनामा जोडेर अघि बढाउनुपर्ने बताए । जलस्रोत तथा सिँचाइ विभागले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपाय समेटिएको एकीकृत कार्ययोजना तयार गरी स्वीकृत गराउनुपर्ने उनको भनाइ छ । कार्ययोजनामा प्रत्येक कामको जिम्मेवार निकाय, लागत, बजेटको स्रोत, कार्यान्वयन समयसीमा र मापनयोग्य उपलब्धि स्पष्ट रूपमा तोकिनुपर्ने उनले बताए। नियमित बजेट तथा सुनसरी–मोरङ सिँचाइ पुनःस्थापना तथा सुधार कार्यक्रमलगायतका स्रोतलाई समन्वय गरेर काम अघि बढाउनुपर्नेमा पनि उनले जोड दिए। मन्त्री श्रेष्ठले अल्पकालीन उपायलाई दीर्घकालीन संरचनाको विकल्पका रूपमा लिन नहुने स्पष्ट पारे । तत्कालका लागि ड्रेजिङ, स्पर निर्माण वा अन्य व्यवस्थापनका काम आवश्यक भए पनि ती दीर्घकालीन डिजाइन र स्थायी संरचनाको पूरक हुनुपर्ने उनको भनाइ छ। ‘ड्रेजर खरिद गरेपछि समस्या समाधान भयो भन्ने सन्देश जानु हुँदैन,’ उनले भने, ‘अल्पकालीन व्यवस्थापनसँगै स्थायी समाधानका लागि आवश्यक संरचना निर्माण गर्ने स्पष्ट योजना हुनुपर्छ।’
कोशी नदीले बर्सेनि ठूलो परिमाणमा गेग्रान बगाएर ल्याउने र नदीले आफ्नो बहाव परिवर्तन गरिरहने अवस्थाका कारण सुनसरी–मोरङलगायत ठूला सिँचाइ प्रणालीमा निरन्तर समस्या देखिँदै आएको छ । त्यसैले नयाँ आयोजना निर्माणलाई प्राथमिकता दिने कि सञ्चालनमा रहेका ठूला सिँचाइ प्रणालीको पुनःस्थापना र स्तरोन्नतिमा लगानी गर्ने भन्ने विषयमा समेत स्पष्ट प्राथमिकता निर्धारण गर्नुपर्ने मन्त्री श्रेष्ठले बताए । उनले पुराना सिँचाइ प्रणालीको संरक्षण, पुनस्र्थापना र आधुनिकीकरणलाई प्राथमिकतामा राख्दै नयाँ आयोजनाको आवश्यकता र सम्भाव्यताको समेत वस्तुगत मूल्याङ्कन गरेर अघि बढ्नुपर्ने धारणा राखे । सिँचाइलाई कृषि उत्पादन, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोडेर अघि बढाउन सके त्यसले ग्रामीण क्षेत्रबाट हुने जनसंख्या पलायन न्यूनीकरणमा समेत प्रत्यक्ष योगदान पु¥याउने उनको भनाइ थियो। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

### फ्लेम अवाड्र्स एसिया २०२६ मा

# नेपाली सिर्जनशीलताको चमकः मेरो खुकुरी र न्युडले जिते चार प्रमुख सम्मान




**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली ब्रान्ड निर्माण र सिर्जनशीलताको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्दै नेपाल डिस्टिलरिज प्रा. लि. (एनडीपीएल) का विभिन्न अभियानले 'फ्लेम अवाड्र्स एसिया २०२६' मा चार प्रमुख सम्मान हात पारेका छन् । भारतको नयाँ दिल्लीमा आयोजित समारोहमा 'मेरो खुकुरीले दुई स्वर्ण', न्युडको 'जस्ट बी यु' अभियानले प्रतिष्ठित दक्षिण एसिया ग्रान्ड प्रिक्स तथा 'पोखरा फ्ल्यास मोबले रजत अवार्ड' जितेको हो।

दक्षिण एसियाभरका अनुभवात्मक मार्केटिङ, ब्रान्ड सक्रियता, उपभोक्ता संलग्नता तथा नवीनताका क्षेत्रमा उत्कृष्ट कामलाई सम्मान गर्ने फ्लेम अवाड्र्स एसियामा एनडीपीएलका दुई प्रमुख ब्रान्डका अभियानले नेपाली सिर्जनशीलताको प्रभावशाली उपस्थिति जनाएका हुन् । यी अभियानहरूको सिर्जनात्मक एजेन्सी 'आउटरीच नेपाल' रहेको छ । एनडीपीएलले प्राप्त गरेका सम्मानमध्ये मेरो खुकुरी अभियानले दुई फरक विधामा स्वर्ण जितेको छ । उसले 'दक्षिण एसिया इमर्जिङ मार्केट अभियान' तथा 'दक्षिण एसिया लास्ट–माइल इनोभेसन' विधामा स्वर्ण अवार्ड प्राप्त गरेको हो।

पुस्तौंदेखि उपभोक्ताले ब्रान्डसँग कायम राख्दै आएको सम्बन्धलाई अपनत्व र आफ्नोपनको सशक्त अभिव्यक्तिमा रूपान्तरण गरिएको मेरो खुकुरी अभियानको मुख्य विशेषता उपभोक्तालाई ब्रान्डको कथाकै केन्द्रमा राख्नु रहेको बताइएको छ । अभियानले उपभोक्ताको व्यवहार र भावनालाई बुझेर त्यसलाई अर्थपूर्ण सहभागिता र प्रभावकारी ब्रान्ड संलग्नतामा रूपान्तरण गरेको भन्दै सम्मान प्रदान गरिएको हो।

यसैगरी, समारोहको सबैभन्दा प्रतिष्ठित सम्मानमध्ये एक 'दक्षिण एसिया ग्रान्ड प्रिक्स' न्युडको 'जस्ट बी यु' अभियानले जितेको छ । व्यक्तिगत पहिचान, प्रामाणिकता र आत्म–अभिव्यक्तिको अवधारणामा आधारित उक्त अभियानले स्पष्ट ब्रान्ड विश्वासलाई साहसी तथा सांस्कृतिक रूपमा सान्दर्भिक सञ्चारसँग जोडेको थियो। 'जस्ट बी यु'को सफलताले ब्रान्डले उपभोक्तासँग केवल उत्पादनमार्फत होइन, उनीहरूको पहिचान, भावना र आत्म–अभिव्यक्तिसँग जोडिएर पनि बलियो सम्बन्ध निर्माण गर्न सक्ने सन्देश दिएको छ।

एनडीपीएलको सफलतालाई थप मजबुत बनाउँदै पोखरा फ्ल्यास मोबले 'स्मल बजेट क्याम्पेन–दक्षिण एसिया' विधामा रजत अवार्ड प्राप्त गरेको छ। सीमित बजेटमा सञ्चालन गरिएको उक्त अभियानले ठूलो प्रभाव सिर्जना गर्न सधैं ठूलो लगानी आवश्यक नपर्ने प्रमाणित गरेको कम्पनीको भनाइ छ । सशक्त स्थानीय बुझाइ, सिर्जनशील सोच र प्रभावकारी कार्यान्वयनका कारण पोखरा फ्ल्यास मोबले आफ्नो बजेटको सीमाभन्दा धेरै ठूलो प्रभाव सिर्जना गर्न सफल भएको बताइएको छ।

चारवटै सम्मान फरक–फरक अभियान र विधाबाट प्राप्त भए पनि तिनको साझा आधार भने मानिस, उपभोक्ता र संस्कृतिको गहिरो बुझाइ रहेको कम्पनीले जनाएको छ। यो उपलब्धिले नेपाल डिस्टिलरिज र आउटरीच नेपालबीचको सिर्जनात्मक साझेदारीलाई पनि थप स्थापित गरेको छ। ब्रान्ड रणनीति, उपभोक्ता अन्तर्दृष्टि, सिर्जनशीलता र प्रभावकारी कार्यान्वयनलाई एकसाथ जोडेर नेपालमै जरा गाडिएका तर दक्षिण एसियाली मञ्चमा प्रतिस्पर्धा गर्न सक्ने अभियान निर्माण गर्न सफल भएको यस उपलब्धिले देखाएको छ। नेपाल डिस्टिलरिजका लागि यी चार सम्मान केवल अवार्डको संख्या मात्र नभई नेपाली बजार, नेपाली उपभोक्ता र स्थानीय सांस्कृतिक बुझाइबाट जन्मिएका सिर्जनात्मक अवधारणाले क्षेत्रीयस्तरमा समेत उत्कृष्टताको पहिचान बनाउन सक्छन् भन्ने प्रमाणका रूपमा लिइएको छ। चार अवार्ड, दुई प्रमुख ब्रान्ड र नेपाली सिर्जनशीलताका लागि एउटा महत्वपूर्ण उपलब्धि—फ्लेम अवाड्र्स एसिया २०२६ मा मेरो खुकुरी र न्युडको सफलताले नेपाली ब्रान्ड निर्माणको क्षमता अब दक्षिण एसियाली मञ्चमा पनि सशक्त रूपमा स्थापित हुन थालेको संकेत दिएको छ।

# मधेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँच कमजोर




**मधेशदेष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँच कमजोर रहेको तथ्यांकले देखाएको छ।

उपलब्ध तथ्यांकअनुसार मधेशमा अपाङ्गता भएका बालबालिकामध्ये ६५ दशमलव ०५ प्रतिशत मात्रै हाल विद्यालयमा अध्ययनरत छन् । त्यस्तै, २८ दशमलव ८५ प्रतिशत बालबालिका कहिल्यै विद्यालय नगएको पाइएको छ । यसले प्रदेशमा ठूलो संख्यामा अपाङ्गता भएका बालबालिका शिक्षाको नियमित पहुँचबाट बाहिर रहेको देखाउँछ।

राष्ट्रिय तथ्यांकअनुसार ० देखि १७ वर्ष उमेर समूहका १ दशमलव २५ प्रतिशत बालबालिकामा अपाङ्गता पहिचान भएको छ । देशभर अपाङ्गता भएका बालबालिकामध्ये ७५ दशमलव ९१ प्रतिशत हाल विद्यालयमा अध्ययनरत छन् । १६ दशमलव ५५ प्रतिशतले भने कहिल्यै विद्यालय टेकेका छैनन् भने ७ दशमलव ६५ प्रतिशत विद्यालय गए पनि हाल अध्ययनरत छैनन्।

प्रदेशगत तुलना गर्दा कर्णालीमा अपाङ्गता भएका बालबालिकाको विद्यालय सहभागिता ८४ दशमलव ०५ प्रतिशत रहेको छ । यसको तुलनामा मधेशको ६५ दशमलव ०५ प्रतिशत सहभागिता निकै कम हो।

अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहनुमा विद्यालयसम्मको पहुँचको कमी, भौगोलिक कठिनाइ, अपाङ्गतामैत्री पूर्वाधारको अभाव, आवश्यक सहायक सामग्रीको कमी, परिवारको आर्थिक अवस्था तथा सामाजिक दृष्टिकोणलगायतका कारण देखिएका छन् । विशेष आवश्यकता भएका बालबालिकाका लागि विद्यालयमा आवश्यक सहयोग र पहुँचयुक्त संरचना नहुँदा भर्ना भएका बालबालिकासमेत बीचमै पढाइ छाड्ने जोखिम रहेको अध्ययनले देखाएको छ।

लैङ्गिक तथ्यांकअनुसार कुल अपाङ्गता भएका जनसंख्यामध्ये ५४ दशमलव २५ प्रतिशत पुरुष र ४५ दशमलव ८५ प्रतिशत महिला रहेका छन् । त्यस्तै, ग्रामीण क्षेत्रमा अपाङ्गताको दर २ दशमलव ६५ प्रतिशत र सहरी क्षेत्रमा २ दशमलव ०५ प्रतिशत रहेको छ। नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। अपाङ्गता भएका नागरिकका लागि शिक्षामा विशेष अधिकार सुनिश्चित गरिए पनि मधेशमा अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँचसम्बन्धी तथ्यांकले संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखाएको छ।

यस अवस्थामा मधेशमा अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना गराउने मात्र नभई उनीहरूको निरन्तर अध्ययनका लागि पहुँचयुक्त पूर्वाधार, आवश्यक सहायक सामग्री, विशेष सहयोग तथा अनुकूल शैक्षिक वातावरण निर्माणमा समेत ध्यान दिनुपर्ने देखिन्छ।

# बेपत्ता बालिका सकुशल फेला

**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैया उपमहानगरपालिका–१, कट्टीपर्साबाट शनिबार साँझ घरैबाट बेपत्ता भएकी २ वर्षीया बालिका बिन्दी मण्डल सकुशल फेला परेकी छन् । मुकेश मण्डलकी २ वर्षीया छोरी बिन्दीलाई आइतबार बिहान कलैया उपमहानगरपालिका–२६ स्थित सिसवा महेशपुरमा सडक किनारको नालामा रोइरहेको अवस्थामा स्थानीय एक महिलाले फेला पारेकी हुन्।

बालिकालाई नालाबाट तत्काल उद्धार गरी स्थानीय महिलाले आफ्नै घरमा लगेर हेरचाह गरेकी थिइन् । त्यसपछि प्रहरीसँग समन्वय गरी बालिकालाई सुरक्षित रूपमा उनका अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । बालिका हराएको खबर पाएलगत्तै जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरको कमान्डमा सुरक्षा निकायको टोलीले रातभर तीव्र खोजी अभियान सञ्चालन गरेको थियो।

खोजीका क्रममा तालिमप्राप्त कुकुरसहितको प्रहरी टोलीसमेत परिचालन गरी विभिन्न स्थानमा सर्च अपरेशन गरिएको थियो।

### ३ वर्षीय बालिका मृत फेला घटनाः

# एकजना शंकास्पद व्यक्ति प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीमा ३ वर्षीया बालिका मृत फेला परेको घटनामा प्रहरीले एक जना शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ। सप्तरीका प्रहरी नायब महानिरीक्षक (डीआईजी) ओम अधिकारीले घटनासँग सम्बन्धित एक जना शंकास्पद व्यक्तिलाई नियन्त्रणमा लिइएको पुष्टि गरेका छन्। उनका अनुसार ती व्यक्तिको गतिविधि शंकास्पद देखिएपछि नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान अघि बढाइएको हो। शम्भुनाथ नगरपालिका–३ की तीन वर्षीया सानिया खातुन आइतबार मृत फेला परेकी थिइन्। स्थानीय इरफानकी छोरी सानिया आइतबार बिहान करिब ९ बजेपछि घरबाट एकाएक बेपत्ता भएकी थिइन्।


परिवारका सदस्यले बालिका हराएको जानकारी गराएपछि खोजी गर्ने क्रममा घरदेखि करिब ६० मिटर पछाडि झाडीमा उनको शव फेला परेको थियो। घटनाको कारण र मृत्युको वास्तविक अवस्था खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

# ब्राउन सुगरसहित ३ जना पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
सिराहा प्रहरीले लागु औषध ब्राउन सुगरसहित ३ जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार शनिबार राति सिराहा गोलबजार ३ स्थित विकास होटल अगाडी मोटरसाइकलमा आउँदै गरेका व्यक्ति शङ्का लागि चेकजाँच गर्दा ११.६२ मिलिग्राम ब्राउन सुगर सहित अभियुक्तहरू पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा चालक सिराहा धनगढीमाई नगरपालिका ८ बस्ने १९ वर्षीय दिपककुमार यादव, सोही नगरपालिकाको वडा नम्बर ७ बस्ने २० वर्षीय आशिक महतो र ६ नम्बरका वडा बस्ने १८ वर्षीय राजेशकुमार दास रहेका छन् । प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार अभियुक्तहरू मधेश प्रदेश ०१–००५ प २४९३ नम्बरको मोटरसाइकलमा सवार भई कसहाबाट गोलबजार आउँदै गर्दा चेकजाँचको क्रममा ब्राउन सुगरसँगै २ हजार ९ सय २० रुपैयाँ सहित पक्राउ परेका हुन । आरोपित तिनै जनालाई मोटरसाइकल सहित थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय गोलबजारमा राखिएको छ।

# स्टार वडाध्यक्ष 'समर्पण, सेवा र नेतृत्वको ५१ सूत्र' पुस्तक विमोचन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा सुरेशकुमार यादवद्वारा लिखित 'स्टार वडाध्यक्षः समर्पण, सेवा र नेतृत्वको ५१ सूत्र' नामक पुस्तक विमोचन गरिएको छ।

मधेश प्रदेशसभाका सभामुख राम आशिष यादवले पुस्तकको विमोचन गरेका हुन् । पुस्तकमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाहीका ५१ वटा वडाका वडाध्यक्षको काम, संघर्ष तथा व्यक्तिगत जीवनका विभिन्न पक्ष समेटिएको छ।

पुस्तक विमोचन गर्दै सभामुख यादवले समाज र समुदायको विकासका लागि नेतृत्वमा सेवाभाव, इमानदारी र उत्तरदायित्व आवश्यक रहेको बताए । जनप्रतिनिधि तथा नेतृत्व तहमा रहेका व्यक्तिले जनताको अपेक्षा र आवश्यकतालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा उनले जोड दिए।

पद सधैँ कायम नरहने र व्यक्तिको पहिचान उसको कृतिबाट हुने भएकाले कर्ममार्फत आफूलाई प्रमाणित गर्न सभामुख यादवले आग्रह गरे। पुस्तक विमोचन कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्व, जनप्रतिनिधि तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

# जनमत पार्टी पर्साको बैठक सम्पन्न

## वडा संगठन विस्तारलाई प्रभावकारी बनाउन निर्णय



**मधेशदृष्टि**
**वीरगंज।**
जनमत पार्टी पर्साको, जिल्ला समन्वय समितिको बैठकले जिल्लाका सबै वडामा संगठन विस्तार तथा वडा अधिवेशनलाई प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरेको छ।

माइस्थान अतिथि सदन, वीरगन्जमा जिल्ला अध्यक्ष ओमप्रकाश सरार्फको अध्यक्षतामा आइतबार बसेको बैठकले पर्साका सबै वडाको अधिवेशन सम्पन्न गर्न प्रत्येक वडामा पर्यवेक्षक खटाउने निर्णय गरेको हो।

खटाइएका पर्यवेक्षकले सम्बन्धित वडामा संगठनात्मक गतिविधि, अधिवेशनको तयारी तथा आवश्यक समन्वय गर्ने जनाइएको छ । बैठकमा पार्टी संगठनलाई वडा तहसम्म थप सुदृढ बनाउँदै जनताका समस्या तथा स्थानीय मुद्दालाई प्राथमिकताका साथ उठाउने विषयमा पनि छलफल भएको थियो। बैठकले निर्धारित कार्ययोजनाअनुसार वडा अधिवेशन सम्पन्न गरी पार्टी संगठनलाई थप व्यवस्थित, सक्रिय र जनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरेको छ।

बैठकमा पार्टीका राजनीतिक समिति सदस्य सिपु तिवारी, केन्द्रीय सदस्यहरू अधिवक्ता हरिहरप्रसाद साह, श्यामशंकर चौरसिया, राजेश चौरसिया, सुजित चौरसिया र बबिता पिडासैनी, प्रदेश सदस्यहरू मोहम्मद अब्दुल हवारी र राजनारायण मिश्रलगायतको उपस्थिति थियो।

त्यसैगरी जिल्ला पदाधिकारीहरू नागेन्द्र गुप्ता, फुलेना कुशवाहा, राजुराज गिरी, सत्युग साह र जमिला खातुन, युवा जिल्ला अध्यक्ष मनोज साह, महिला अध्यक्ष अञ्जना गुप्तासहित विभिन्न पालिका अध्यक्ष तथा जिम्मेवार नेता–कार्यकर्ताको बैठकमा सहभागिता रहेको थियो।

# बार्षिकोत्सवको अवसरमा स्वास्थ्य परीक्षण

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल लायन्सको ५५औँ वार्षिकोत्सवका अवसरमा लायन्स क्लब अफ वीरगंज गेटवेले रक्तचाप तथा मधुमेह परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । क्लबले पूर्वनिर्धारित कार्यक्रमअनुसार आइतबार वीरगंजस्थित शंखधर साख्वा पार्कमा आयोजना गरेको स्वास्थ्य परीक्षण कार्यक्रममा ५४ जनाले रक्तचाप तथा मधुमेह परीक्षण गराएका छन्।

इन्जीनिय श्यामबाबु प्रसादको संयोजनमा सम्पन्न कार्यक्रममा स्पर्श अस्पतालका स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गरेका थिए । कार्यक्रममा लायन्स क्लब अफ वीरगञ्ज गेटवेका अध्यक्ष तथा समाजसेवी प्रकाशकुमार उपाध्याय, डिस्ट्रिक्ट गभर्नर रामबिहारी पाण्डे, सचिव कपिलदेव तिवारी लगायतको सहभागिता थियो।

अनुसन्धान तथा कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# ५ किलो गाँजासहित दुईजना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको छिपहरमाई गाउँपालिका–५ भिस्वाबाट सशस्त्र प्रहरीले पाँच किलो गाँजासहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बल, बोर्डर आउट पोस्ट जयमंगलापुरबाट खटिएको टोलीले नेपालबाट भारततर्फ जाँदै गरेको भारतीय नम्बर प्लेटको मोटरसाइकललाई रोकी जाँच गर्ने क्रममा गाँजा बरामद गरेको हो । सशस्त्र प्रहरीका अनुसार मोटरसाइकलको ट्याङ्की र सिटमुनि लुकाइछिपाइ राखिएको अवस्थामा पाँच किलो गाँजा बरामद भएको थियो । पक्राउ परेका दुवै भारतीय नागरिकको नाम प्रहरीले सार्वजनिक गरेको छैन । बरामद गाँजा र मोटरसाइकलसहित उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ।


## अधिकतम खूद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तूहरुको अधिकतम खूद्र बिक्रि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सिं.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC12K2026 INVERTER | 1 TON | CHINA | SET | NPR | 80,000.00 | |
| 2 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC18K2026 INVERTER | 1.5 TON | CHINA | SET | NPR | 100,000.00 | |
| 3 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC24K2026 INVERTER | 2 TON | CHINA | SET | NPR | 150,000.00 | |
| 4 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC12K2026 | 1 TON | CHINA | SET | NPR | 70,000.00 | |
| 5 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC18K2026 | 1.5 TON | CHINA | SET | NPR | 95,000.00 | |
| 6 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC24K2026 | 2 TON | CHINA | SET | NPR | 130,000.00 | |

विक्रेता फर्मको नाम जय माँ ईलेक्ट्रोनिक्स
ठेगाना बिरगंज बाईपास-२
स्थायि लेखा न 302637148
फोन 051-531107,529772

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

२०८३ साल भाद्र ०८ गते सोमबार
Monday 24 - August 2026



**नमुना गाडी बनाउँदै विद्यार्थीः** कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) को सहयोगमा सञ्चालित इन्स्पाइर परियोजनाअन्तर्गत मधेश प्रदेशको विद्यालयमा स्थापना गरिएको 'मेकर स्पेस'मा नमुना गाडी तयार गर्दै विद्यार्थीहरू । मेकर स्पेसले विद्यार्थीलाई आफ्ना अवधारणाको डिजाइन बनाउन, निर्माण गर्न, परीक्षण गर्न र सुधार गर्न व्यावहारिक सिकाइको अवसर प्रदान गरिन्छ । तस्बिरः अजयकुमार साह

# सबै आपराधिक घटना प्रहरीको 'इन्स्टिच्युसनल मेमोरी'मा छः महानिरीक्षक



काठमाडौँ।
प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजमा भएका आपराधिक घटना प्रहरी सङ्गठनको 'इन्स्टिच्युसनल मेमोरी' मा रहेकाले त्यस्ता घटनामा संलग्न अपराधीलाई जुनसुकै बेला पनि कारबाहीको दायरामा ल्याइने बताएका छन्।

उनले दशकौँपछि पनि त्यस्ता घटनामा संलग्नलाई पक्राउ गरी कानुनी कारबाही गर्दै आएको स्पष्ट पारे । राष्ट्रिय समाचार समिति (रासस)सँग कुराकानीमा प्रहरी महानिरीक्षक कार्कीले लामो इतिहास बोकेको प्रहरी सङ्गठनले त्यस्ता घटनालाई नबिर्सने बताए।

'व्यक्तिका स्मरण छोटो समयमा समाप्त हुन्छन्। तर प्रहरी व्यक्तिको न्यायका लागि अनवरत रूपमा लडिरहने संस्था हो। यो संस्थाले त्यस्ता घटनाहरू बिर्सन्न,' उनले भने। यद्यपि, त्यस्ता मुद्दामा चाहेजस्तो सफलता प्राप्त नभइरहेको महानिरीक्षक कार्कीको स्वीकारोक्ति थियो।

'ती पुराना घटनाको अध्ययन र निरन्तरको अनुसन्धानबाट घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउने कार्य प्रहरी सङ्गठनले गर्दै आएको छ,' उनले भने । पुराना चर्चित घटनालाई विशेष टोली गठन गरेर अनुसन्धान गरिरहेको जानकारी दिँदै उनले त्यसबाट केही–केही घटनामा राम्रो सफलता मिलेको सुनाए।

प्रहरी महानिरीक्षक कार्कीले केन्द्रीय अनुसन्धान व्यूरोमार्फत पुराना जघन्य प्रकृतिका अपराधको अनुसन्धान चलिरहेको जानकारी दिए । उनले भने, 'नयाँ र पुराना मुद्दालाई सँगसँगै अनुसन्धान गर्दै लगिरहेका छौँ।'

विश्वव्यापीरूपमा बदलिँदो समाज, प्रविधि र कार्यशैलीले सुरक्षा चुनौती थपिरहेको विश्लेषण गर्दै महानिरीक्षक कार्कीले परम्परागत अनुसन्धान पद्धतिले मात्र आधुनिकताको सम्बोधन गर्न नसक्ने बताए । 'प्रहरी कर्मचारीलाई स्वचालित र उत्प्रेरित गर्न पछिल्लो समय कार्यसम्पादन सूचक तयार गरेका छौँ,' उनले भने, 'यो पूर्वानुमानयोग्य छ। कामका आधारमा मूल्याङ्कन हुन्छ, जसले व्यक्तिलाई सुधार्ने मौका पाउँछ।'

महानिरीक्षक कार्कीले प्रहरी सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको उल्लेख गर्दै त्यसबाट नागरिकलाई प्रहरी कार्यालयसम्म पुग्नु नपर्ने अवस्था सुनिश्चित गरेको बताए ।

***दशकौँ पुराना अपराधमा पनि कारबाही हुन्छः***

**प्रहरी महानिरीक्षक कार्की -**
*पुराना जघन्य अपराधमा संलग्नलाई कानुनी दायरामा ल्याउन अनुसन्धान जारी रहेको बताउँदै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नयाँसँगै पुराना मुद्दालाई पनि प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिए । प्रविधि र आर्थिक अपराध बढ्दै गएकाले विशिष्टीकृत अनुसन्धान क्षमता विस्तार गरिएको तथा नागरिकले घरबाटै प्रहरी सेवा लिन सक्ने प्रणाली विकास गरिएको उनले बताए ।*

'उनीहरू घरबाटै पनि आफ्ना आवेदन तथा निवेदन दिन र त्यसबारे बुझ्न सहज हुने गरी प्रणालीको विकास गरिएको छ,' उनले भने, 'नेपाल पुलिस एपमार्फत धेरै सेवा लिन सकिने छ।'

पछिल्लो समय प्रविधिजन्य र आर्थिक अपराधका घटना वृद्धि हुँदै गइरहेको जनाउँदै उनले ती घटनाका अनुसन्धान गर्न सोहीअनुसार जनशक्ति भर्ना र परिचालनको आवश्यकता महसुस गरिएको बताए । उनले विशिष्टीकृत अनुसन्धान इकाई गठन गरिएको पनि जानकारी दिए।

महानिरीक्षक कार्कीले अपराधको विश्वव्यापी सञ्जाललाई निस्तेज पार्न विभिन्न देशका प्रहरी सङ्गठन र इन्टरपोलको माध्यमबाट अन्य मुलुकका विशिष्टीकृत, विकसित र लोकप्रिय अनुसन्धानमूलक इकाइसँग आवश्यक समन्वय गरिएको जनाए।

'नेपाल प्रहरीले आधुनिक 'पुलिसिङ 'का स्ट्यान्डर्डलाई अवलम्बन गर्दै अन्य मुलुकका विशिष्ट प्रहरी सङ्गठनका सदस्यसँग समन्वय गरिरहेको छ,' महानिरीक्षक कार्कीले भने । उनले प्रविधिको प्रयोगबाट भएका आपराधिक क्रियाकलाप रोक्न प्रहरी सङ्गठन सक्षम हुने विश्वास व्यक्त गरे।

नेपाल प्रहरी आमनागरिकको सबैभन्दा नजिक रहेर राज्यको प्रतिनिधित्व गर्ने सङ्गठन भएको उल्लेख गर्दै महानिरीक्षक कार्कीले समाजमा शान्ति, सुव्यवस्था र अमनयन कायम गरी नागरिकका जीउधनको रक्षाका लागि सबै तह र तप्काको सहयोगको अपेक्षा गरे । 'प्रहरीलाई प्राप्त जिम्मेवारीमा सफलता हासिल गर्न आमनागरिकको सहयोगको अपेक्षा सदैव छ,' उनले भने, 'आपराधिक प्रवृत्ति भएका मान्छेका बारेमा प्रहरीलाई सूचना दिएर सहयोग गर्न आग्रह गर्दछु।'

# नेपाल–भारत सीमा सुरक्षामा संयुक्त गस्ती र सूचना आदानप्रदान बढाइने




**महोत्तरी।**
नेपाल र भारतका चार जिल्लाका सुरक्षा अधिकारीले सीमा सुरक्षालाई अझ प्रभावकारी बनाउन संयुक्त गस्तीको क्षेत्र विस्तार गर्नुका साथै सीमा अपराधसम्बन्धी सूचना नियमितरूपमा आदानप्रदान गर्न सहमति जनाएका छन् । महोत्तरीको सदरमुकाम जलेश्वरमा शनिबार सम्पन्न नेपाल–भारत सुरक्षा अधिकारीको समन्वयात्मक बैठकमा हातहतियार तथा लागुऔषध ओसारपसार, मानव तस्करीलगायत सीमा अपराध नियन्त्रण एवं रोकथाम, सीमा स्तम्भको सुरक्षा तथा मर्मतसम्भारबारे छलफल भएको महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलले राससलाई बताए।

दुवै देशका सुरक्षाकर्मीले गर्दै आएको संयुक्त गस्तीलाई विस्तारका साथै सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि घटनासम्बन्धी सूचना एकअर्कासँग साझा गर्ने विषयमा सहमति भएको उनले जानकारी दिए। बैठक पारस्परिक समन्वय र सहकार्यमा बैठक केन्द्रित रहेको उनको कथन छ।

बैठकमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर, सीतामढीका जिल्ला मजिस्ट्रेट तनय सुलतानिया र सीतामढीका प्रहरी उपरीक्षक अमित रञ्जनसहित सुरक्षा अधिकारीको सहभागी थिए।

# सुनचाँदी व्यवसायीको पदस्थापन तथा प्रमाण पत्र वितरण

**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
जनकपुरधाम सुनचाँदी व्यवसायी संघको पदस्थापन तथा प्रमाण पत्र वितरण शनिबार राति जनकपुरधाममा भएको छ। पवनकुमार ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल सरकारका पूर्वगृहमन्त्री तथा उपप्रधानमन्त्री विमलेन्द्र निधि र विशेष अतिथि मधेश प्रदेशका पूर्व मुख्यमन्त्री जितेन्द्र सोनलको उपस्थिति थियो । प्रमुख अतिथिको रूपमा बोल्दै विमलेन्द्र निधिले नेपालको लोकतन्त्र आन्दोलनमा सुनचाँदी व्यवसायीले महत्वपूर्ण योगदान पु¥याएको बताए ।



सुनचाँदी व्यवसायी धार्मिक तथा सामाजिक गतिविधिमा सक्रिय रूपमा सहभागी हुन्छन् । निधिले नेपाली कांग्रेसको पहलमा सुनचाँदीमा लगाइएको विलासिता कर ०.५ प्रतिशतमा झारिएको बताए । उनले तत्कालीन अर्थमन्त्रीसँग भेटेर जनकपुरधामका सुनचाँदी व्यवसायी र आफूले पहल गरेको बताए । उनले सुन राष्ट्रको समृद्धिको मापदण्ड भएको बताए।

मधेश प्रदेशका पूर्व मुख्यमन्त्री जितेन्द्र सोनलले सुनचाँदी व्यवसायीलाई सुरक्षाको आवश्यकता रहेको बताए । प्रहरीले पूर्व सूचनाबिना नै उनीहरूको पसलमा छापा मार्छ र व्यापारीहरूलाई हैरानी गर्छ । सुनचाँदी व्यवसायीहरूको एकता नै आज यो व्यवसाय फस्टाउनुको कारण हो।

पवन कुमार ठाकुरले अध्यक्षमा निर्विरोध निर्वाचित राजीव कुमार चन्दनलाई पद हस्तान्तरण गरे। प्रमुख अतिथि र विशेष अतिथिले अध्यक्ष सहित सम्पूर्ण कार्यकारिणी टीमलाई प्रमाणपत्र हस्तान्तरण गरे

जनकपुरधाममा लामो समयदेखि कार्यरत सुनचाँदी व्यवसायी हरद्वारीलाल सिंघानिया, शिवशंकर साहलगायत अन्य व्यवसायीलाई मायाको चिनो र अंग बस्त्रले सम्मान गरिएको थियो।

कार्यक्रममा नेपाल सुनचाँदी तथा रत्न व्यवसायी संघका महासचिव नीर बहादुर विश्वकर्मा, पूर्व विधायक तथा जसपा नेता परमेश्वर साह लगायतको सहभागिता थियो।

# श्रीमती हत्या अभियोगमा दोषी ठहर भई फरार यादव पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा श्रीमतीको हत्या गरेको अभियोगमा अदालतबाट दोषी ठहर भई फरार रहेका एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउ पर्नेमा लक्ष्मीनियाँ गाउँपालिका–४ का ३५ वर्षीय सञ्जयकुमार यादव रहेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरी टोलीले लक्ष्मीनियाँ गाउँपालिका–४ स्थित सखी बजारबाट पक्राउ गरेको हो।


प्रहरीका अनुसार यादवले २०८० साउन १५ गते आफ्नै घरको कोठामा श्रीमती रुवी शर्मा ठाकुरलाई ढुंगाले प्रहार गरी हत्या गरेका थिए । घटनापछि फरार रहेका यादवलाई उच्च अदालत जनकपुरधामले २०८३ जेठ २२ गतेको फैसलामार्फत ३ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकेको थियो।

अदालतको फैसला कार्यान्वयनका लागि फरार प्रतिवादीको खोजी गर्ने क्रममा यादवलाई सखी बजारमा हिँडडुल गरिरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउपछि यादवलाई जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याइएको छ । उनलाई अदालतमा उपस्थित गराई फैसला कार्यान्वयनको प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

# निःशुल्क उपचार तर क्षयरोगले बढाउँदैछ आर्थिक भार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
क्षयरोगको औषधि र आधारभूत उपचार सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध भए पनि रोगको उपचारका क्रममा बिरामी तथा परिवारले ठूलो आर्थिक भार बेहोर्नुपर्ने अवस्था देखिएको छ । मधेशजस्ता प्रदेशमा उपचारका लागि टाढा जानुपर्ने बाध्यता, अतिरिक्त परीक्षण, यातायात, खाना तथा आवासमा हुने खर्चले क्षयरोग प्रभावित परिवारको आर्थिक जोखिम थप बढाउने गरेको छ । हालै प्रकाशित एक अध्ययनअनुसार नेपालमा क्षयरोग प्रभावित ५१ प्रतिशत परिवारले रोगका कारण ठूलो आर्थिक भार बेहोर्नुपरेको छ । औषधि प्रतिरोधी क्षयरोग भएका परिवारमध्ये भने करिब ७५ प्रतिशतले ठूलो आर्थिक कठिनाइ सामना गर्नुपरेको अध्ययनले देखाएको छ।



सरकारले क्षयरोगको औषधिसँगै खकार परीक्षण र छातीको एक्स–रे सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ । तर, सिटी स्क्यान, एमआरआई तथा कतिपय प्रयोगशाला परीक्षणका लागि बिरामीले आफैं खर्च गर्नुपर्ने अवस्था छ । शरीरका अन्य अंगमा क्षयरोग देखिएका बिरामीलाई थप जटिल परीक्षण आवश्यक पर्ने भएकाले उपचार खर्च अझ बढ्ने गरेको अध्ययनमा उल्लेख छ।

राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता भएका एक हजार बिरामीलाई समेटिएको अध्ययनअनुसार कुल खर्चको ४४ प्रतिशत उपचारबाहेकका प्रत्यक्ष खर्चमा जाने गरेको छ। यातायात, खाना, आवास तथा पोषणमा हुने खर्च यसमा समावेश छन् । त्यस्तै, बिरामी वा हेरचाह गर्ने व्यक्तिले उपचारका क्रममा काम गर्न नपाउँदा हुने आम्दानी गुमाइबाट सिर्जित अप्रत्यक्ष खर्चले कुल खर्चको ३९ प्रतिशत हिस्सा ओगटेको छ।

क्षयरोगका कारण १३ प्रतिशत परिवार गरिबीको रेखामुनि पुगेका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका परिवारमा यस्तो अवस्था ३१ प्रतिशत पुगेको अध्ययनले देखाएको छ। उपचार खर्च व्यवस्थापन गर्न ३५ प्रतिशत बिरामीले ऋण लिनुपरेको बताएका छन् । औषधि प्रतिरोधी क्षयरोग भएका बिरामीमध्ये ४२ प्रतिशत र औषधिप्रति संवेदनशील क्षयरोग भएका बिरामीमध्ये ३१ प्रतिशतले उपचारका लागि ऋण लिएको तथ्यांक छ।

उपचार खर्च जुटाउन केही परिवारले सम्पत्तिसमेत बिक्री गर्नुपरेको छ । औषधिप्रति संवेदनशील क्षयरोग भएका ५ दशमलव ७ प्रतिशत र औषधि प्रतिरोधी क्षयरोग भएका ७ दशमलव ७ प्रतिशतले जग्गा, पशुधन वा सुनका गहनाजस्ता सम्पत्ति बिक्री गरेको अध्ययनले देखाएको छ।

नेपालमा क्षयरोगको अवस्था पनि गम्भीर रहेको तथ्यांकले देखाउँछ । विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार सन् २०२४ मा नेपालमा करिब ६७ हजार जनामा क्षयरोग संक्रमण भएको थियो। यो प्रतिएक लाख जनसंख्यामा २२७ संक्रमित बराबर हो। सोही वर्ष क्षयरोगका कारण अनुमानित १६ हजार जनाको मृत्यु भएको थियो।

अनुमानित संक्रमितमध्ये ३८ हजार ६ सय ६ जना मात्रै पहिचान भएर उपचारमा आएका थिए । ठूलो संख्यामा संक्रमित पहिचान तथा उपचारको पहुँचबाहिर रहनु क्षयरोग नियन्त्रणको प्रमुख चुनौती बनेको छ।

नेपालले सन् २०३५ सम्म क्षयरोग अन्त्य गर्ने लक्ष्य लिएको छ । तर, सन् २०१८–१९ मा गरिएको राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणले नेपालमा करिब एक लाख १७ हजार जनामा क्षयरोग संक्रमण रहेको देखाएको थियो।

क्षयरोगको उपचार निःशुल्क भए पनि परीक्षण, यातायात, आवास, पोषण तथा आम्दानी गुम्नेजस्ता खर्चले परिवारलाई आर्थिक संकटमा धकेल्ने अवस्था देखिएको छ। विशेषगरी मधेशमा स्वास्थ्य सेवाको पहुँच, उपचारका लागि अन्य सहरमा जानुपर्ने बाध्यता र कमजोर आर्थिक अवस्थाका कारण क्षयरोगको आर्थिक भार थप गम्भीर हुनसक्ने देखिन्छ।

यसका लागि निःशुल्क औषधि र आधारभूत उपचारसँगै उपचारका क्रममा हुने यातायात, पोषण, अतिरिक्त परीक्षण तथा आम्दानी गुमाइको भारसमेत सम्बोधन गर्ने सामाजिक तथा आर्थिक सहयोगका कार्यक्रम आवश्यक देखिन्छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन